नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

मितिः २०७९/०६/२७

# प्रेस विज्ञप्ती

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावटसम्बन्धी मुद्दा उच्च अदालत पाटनमा मिति २०७९।०६।२७ गते दायर गरिएको ।

**१. अभियुक्तको विवरणः**

जिल्ला वागलुङ, वागलुङ नगरपालिका, वडा नम्बर ७, गैरीगाउँ स्थायी वतन भई हाल जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नम्बर ४, कपन मार्ग, महाराजगञ्ज बस्ने सरोज विश्वकर्मा र अम्मर विश्वकर्मा ।

**२. कसूरको संक्षिप्त विवरणः**

मिति २०७८।१०।०१ गते जिल्ला कास्की, पोखरा महानगरपालिका, वडा नम्बर ३० पावर हाउस पृथ्वी राजमार्गमा जिल्ला प्रहरी कार्यालय कास्की को टोलीले अम्मर विश्वकर्माको साथबाट विल बिजक तथा भन्सार प्रज्ञापनपत्र लगायतका कागजात नभएको अवस्थामा २३८.३४ ग्राम सुनका ३ थान सिक्री बरामद गरी थप अनुसन्धानका लागि यस विभागमा पेश गरेको, बरामदीत सुनका सिक्री आफ्नो भएको दावी सहित सरोज विश्वकर्मा यस विभागमा उपस्थित भएका । अनुसन्धान तथा तहकीकातबाट प्रतिवादीहरूले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संशोधन सहित) को दफा ३ ले निषेध गरेको कार्य गरी सोही ऐनको दफा ४ को उपदफा (क), (ख),(छ) र (झ) बमोजिम राजस्व चुहावटको कसुर गरेको पुष्टि भएको ।

**३. कायम भएको बिगो र सजायको मागदावीः**

निज प्रतिवादीहरुलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संशोधन सहित) को दफा २ (छ१)(ङ) बमोजिम रु. १८,९४,२०८।- (अक्षरूपी अठार लाख चौरानब्बे हजार दुई सय आठ रूपैयाँ मात्र) विगो कायम गरी सोही ऐनको दफा २३(१) बमोजिम बरामदीत सुनका सिक्रिहरु जफत गरी विगोको शत प्रतिशत जरिवाना तथा ऐ. ऐनको दफा २३(१)(क) बमोजिम कैद सजाय समेतको मागदावी लिई अभियोगपत्र दायर गरिएको ।

**सूचना अधिकारी**

**राजस्व अनुसन्धान विभाग**